२०८० सालको कार्यविधि नं: १

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०/०६/२२

प्रमाणीकरण मिति: २०८०/०६/२५

# कपिलवस्तु नगरपालिकाको एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि – २०८०

कपिलवस्तु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तौलिहवा, कपिलवस्तु

२०८०

## पृष्ठभूमि

नेपालको संविधानको धारा ५६ बमोजिम कपिलवस्तु नगरपालिका स्थानीय सरकारको रूपमा क्रियाशिल छ। नेपालको संविधानको भाग – ३ स्वास्थ्य सम्बन्धि हक तथा अनुसुची ८ स्थानीय तहको अधिकार सूचीको क्र.सं. ८ मा आधारभुत स्वास्थ्य उल्लेख छ। अर्थात आधारभुत स्वास्थ्यको प्रत्याभुती गराउन तथा शिशुको सुरक्षीत जन्म लिन पाउने अधिकारलाई सुनिश्चित गर्न नगरपालिकाको तर्फबाट गर्भवती तथा सुत्केरी महिलाहरुका लागि घरबाट स्वास्थ्य संस्था सम्म आकस्मिक उपचार तथा प्रसुतिका लागि पुग्नु पर्ने अवस्था आएमा एम्बुलेन्स सेवा प्रदान गर्न वान्छनीय देखिन्छ। साथै नेपालको संविधानको भाग – १९ (स्थानीय आर्थिक कार्यप्रणाली) को धारा २२९ को उप – धारा १ र २ मा स्थानीय संचित कोषको व्यवस्था गरेको र उक्त कोषबाट गरिने खर्च स्थानीय कानुन बमोजिम हुनेछ भनि उल्लेख गरेको छ। । अतः नेपालको संविधानको स्वास्थ्यसम्बन्धी हक, बालबालिकाको हक, महिलाको हक लाई सुनिश्चित गर्न गर्भवती तथा सुत्केरी महिलाहरुका लागि घरबाट स्वास्थ्य संस्था सम्म आकस्मिक उपचार तथा प्रसुतिका लागि पुग्नु पर्ने अवस्था आएमा एम्बुलेन्स सेवा प्रदान गर्न उपलब्ध एम्बुलेन्सलाई परिचालन गर्न उपयुक्त देखि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ को उप - दफा ४ तथा ५ ले दिएको अधिकार प्रयोग गरि **"एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०"** लागू गरि जारी गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

ग) यो कार्यविधि अन्तर्गत शुरुमा वडा नं.९ १० र ११ मा एम्बुलेन्स संचालन हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्नस्वीकृति प्राप्तगरेको वाहनसम्झनुपर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिकासमेतलाई जनाउँछ।

ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी चालक सम्झनुपर्छ।

ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्छ।

घ) "नगरपालिका" भन्नाले कपिलवस्तु नगरपालिका सम्झनुपर्छ।

ङ) "तोकिएका वडा" भन्नाले कपिलवस्तु नगरपालिका भित्रका एम्बुलेन्स संचालन गर्न वजेट विनियोजन भएका वडाहरु सम्झनुपर्छ।

च) "सेवा-शुल्क " भन्नाले एम्बुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले बुझाउनुपर्नेगरी सिमितले तोकेको शुल्क सम्झनुपर्छ।

छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवासंचालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

ज) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ।

प्रमुख प्रशासकिय अधिकृत

**उद्देश्यः** (१) यस कार्यविधिका प्रमुख उद्देश्यहरु निम्नानुसार रहेका छन्।

क) गर्भवती तथा सुत्केरी महिलाहरुका लागि आकस्मिक तथा स्वास्थ्य संस्थामा प्रसुति गराउन निशुल्कएम्वुलेन्स सेवाको पहुँच वृद्धि गरी घरमा हुने सुत्केरी तथा मातृशिशु मृत्युलाई न्यूनीकरण गर्नु।

ख) वडामा रहेका ७० वर्ष माथिका जेष्ठ नागरिक व्यक्तिहरुलाई निशुल्क रुपमा स्वास्थ्य संस्थासम्म पुर्याउन।

ग) वडाले आफ्नो एम्वुलेन्सको संचालन व्यवस्थित तरिकाले गरी संघीय कानून बमोजिम संचालन गर्नु।

## परिच्छेद – २

## एम्बुलेन्स सञ्चालन सम्बन्धी व्यवस्था

**३. क) एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिः**

एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन गर्न देहायको पदाधिकारीहरु रहेको एक एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति रहनेछ।

१. एम्बुलेन्स संचालन भएको सम्बन्धित वडाको वडा अध्यक्ष – संयोजक

२. एम्बुलेन्सले सेवा दिने वडाका वडा अध्यक्षहरु – सदस्य

३. एम्बुलेन्स संचालन भएको सम्बन्धित वडाको वडा सचिव– सदस्य

४. समितिले तोकेको एक जना स्वयमसेविका – सदस्य

५. समितिले तोकेको तीन जना महिला वडा सदस्य – सदस्य

६. एम्बुलेन्स संचालन गर्ने सम्बन्धित स्वास्थ्य चौकी इन्चार्ज– सदस्य सचिव

ख) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थितभएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

ग) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

**४. समितिको काम, कर्तव्य र अधिकारः**

१. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने।

ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने। यस कार्यविधि अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने।

ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने।

घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने। एक पटक निर्धारण भएको भाडा एक वर्ष नपुगि पुनरावलोकन गर्ननपाइने।

ङ)यस नगरपालिकाका तोकिएका वडाका स्थायी बासी गर्भवती महिलालाईस्वास्थ्य संस्थाबाट प्रदान गरिएको गर्भवती जाँच कार्ड (ANC Check Up card) को आधारमा घरदेखि आकस्मिक तथा प्रसुति सेवाको लागि स्वास्थ्य संस्थासम्म पुग्न र ७० वर्ष माथिका व्यक्तिहरुलाई निशुल्क रुपमा नजिकैको स्वास्थ्य संस्थासम्म वा अस्पतालसम्म ल्याउने र सोको अभिलेख राखी मासिक वडामा प्रतिवेदन गर्ने गरि एम्वुलेन्स सेवा संचालन गर्नु पर्नेछ।

च) एकैसाथ एकभन्दा बढि स्थानबाट एम्बुलेन्सको माग भएमा सर्वप्रथम अन्यसवारी साधन सहजै उपलब्ध नहुने दुर्गम भेगमा पहिलो प्राथमिकता दिनु पर्नेछ।

छ) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

झ) चालकले अनुसुची(१) बमोजिम सेवा शुल्क लिई बैक÷कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने।

ञ) चालकको सेवा सुविधा र शर्तको विषयमा आवश्यक निर्णय गर्ने।

## परिच्छेदः तीन
## सेवा र शर्त सम्बन्धी व्यवस्था

**५. सेवा शुल्क सम्बन्धी व्यवस्थाः**

क) एम्बुलेन्सको नियमित मर्मत संभार तथा कर्मचारीको तलब भत्ताको व्यवस्थागरी एम्बुलेन्सको नियमित सञ्चालन सुनिश्चित गर्न सम्वन्धित स्वास्थ्य चौकिमा एक छुट्टै एम्बुलेन्स सञ्चालन कोष खडा गरी सञ्चालन गरिनेछ।

१.७० वर्ष माथिका जेष्ठ नागरिक तथा आकस्मिक गर्भवति तथा सुत्केरी महिलाहरु संस्थागत सुत्केरी गराउन लैजाने बाहेक अन्य बिरामीको हकमा सम्बन्धित सेवाग्राहीले अनुसूची(१) मा उल्लेख भएअनुसारको रकम सेवाशुल्कको रुपमा बुझाउनुपर्नेछ।

२. एम्बुलेंन्स सेवा वापत उठेको रकम एम्बुलेन्स संचालन तथा ब्यवस्थापन समितिको नाममा एक अलग बैंक खाता वा कोष खडा गरी त्यसमा जम्मा गर्नेछ।

३. सेवाशुल्क वापत लिईने रकमको अशुलीका लागि एम्बुलेन्स संचालन तथा ब्यवस्थापन समितिले नगदी रसिद छपाई उपलब्ध गराउनेछ। नगदी रसिदको अभिलेख/नियन्त्रण खाता समितिमा राखिनेछ।

४. सेवा दिए वापत लिईने सेवा शुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ।

५. कोषको रकम समितिले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्रखर्च गर्न पाईनेछ। कोषको रकम सामान्यतया चालकको तलबभत्ता, इन्धन,मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामाग्रीको खरिदमा खर्चगरिनेछ।

६. एम्बुलेन्सले सेवा दिएको स्थान र मिति खुल्ने गरी सवारी लगबुक राख्नुपर्नेछ। लगबुक भर्ने जिम्मेवारी एम्बुलेन्स चालकको रहनेछ भने सो को प्रमाणित गर्ने जिम्मेवारी सम्वन्धित वडा सचिव/स्वास्थ्य संस्था प्रमुखको हुनेछ।

ख) उपनियम (१) बमोजिम खडा गरिने एम्बुलेन्स सञ्चालन कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ।

१.सम्वन्धित वडा कार्यालयवाट विनियोजित एम्बुलेन्स सञ्चालनका लागि प्राप्त रकम,

२.सेवाग्राहीबाट प्राप्त सेवा शुल्क,

३.भाडामा प्रयोग गर्न दिएमा भाडाबाट प्राप्त रकम,

४.संघीय, प्रदेश सरकार र नगरपालिकाबाट एम्बुलेन्स सञ्चालनका लागि प्राप्त रकम,

५.अन्य दातृ निकायबाट प्राप्त कुनै अनुदान तथा सहयोग रकम आदि।

प्रमुख प्रशासकिय अधिकृत

ग) उपनियम (१) बमोजिम निशुल्क एम्बुलेन्स सेवामा देहाय बमोजिमको शर्त लागु गरिनेछ ।

१. आकस्मिक गर्भवति तथा सुत्केरी महिलाहरु संस्थागत सुत्केरी गराउन लैजाने , ७० वर्ष माथिका जेष्ठ नागरिक तथा सेवा शुल्क तिर्न नसक्ने अपांग तथा अतिविपन्न लाई मात्र नजिकको स्वास्थ्य संस्था सम्म पुर्याउन निशुल्क सेवा दिइनेछ ।

२. निशुल्क सेवाका लागि नजिकको स्वास्थ्य संस्था पहिलो प्राथमिकतामा, जिल्ला भित्रका नजिकका स्वास्थ्य संस्था दोस्रो प्राथमिकतामा रहनेछ । जिल्ला बाहिरको हकमा नियमानुशार सेवाशुल्कको रुपमा बुझाउनुपर्नेछ ।

३. अत्यन्तै आर्थिक विपन्नलाई जिल्ला बाहिरको नजिकको स्वास्थ्य संस्थामा लैजानु पर्ने र सेवा शुल्क छुट गर्नु परेमा अनिवार्य रुपमा जिल्ला भित्रका सरकारी स्वास्थ्य संस्थाको रिफर कागजात र समितिका अध्यक्षको स्विकृती आवश्यक पर्नेछ । सो छुट समितिको बैठकबाट पछि अनुमोदन गराउनुपर्नेछ ।

**घ) खाता सञ्चालनः**

एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको नाममा बैंक खाता सञ्चालन गरिनेछ । एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्चको श्रेष्ता राख्ने व्यवस्था गरिनेछ ।

**ङ) लेखा र लेखापरीक्षणः**

१) समितिको आय व्ययका लेखा प्रचलित कानुन बमोजिम राखिने छ ।

२) समितिको लेखा परिक्षण प्रचलित कानुन बमोजिम रजिष्ट्रर्ड लेखापरीक्षकबाट हुनेछ ।

३) नेपाल सरकार वा कपिलबस्तु नगरपालिकाले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतमा कर्मचारीहरु खटाई समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

४) लेखापरिक्षकको नियुक्ति समितिको निर्णयबाट हुनेछ ।

५) लेखापरीक्षण प्रतिवेदन प्रत्येक वर्ष कपिलबस्तु नगरपालिकामा पेश गरिनेछ ।

**६. चालकको नियुक्ति र सेवासुविधाः**

क) एम्बुलेन्स सेवा संचालनका लागि नगरकार्यपालिकाले नेपाल सरकारको एम्बुलेन्स सेवा संचालन सम्बन्धी निर्देशिका, २०७८ को बुँदा नं११ बमोजिम योग्यता पुगेको १ जना चालक सेवा करारमा नियुक्तिगरिनेछ ।

ख) चालकको सेवा सुविधा दफा ३ बमोजिमको समितले निधार्रण गरे बमोजिम हुनेछ ।

ग) चालकको रु १ लाख सम्मको दुर्घटना बिमा गरिनेछ । बिमाको प्रिमियम वापतको रकम यसै कार्यविधि बमोजिमको कोषबाट व्यहोरिनेछ ।

घ) चालकले पालना गनुपर्नेआचार संहिता अनुसुची(२)बमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

**७. एम्वुलेन्सको भाडा दर निर्धारणः**

एम्वुलेन्स संचालन समिति, कपिलवस्तुबाट निर्धारण भएको दररेटको आधारमा समयानुल र भौगोलिक दुरीका आधारमा कार्यपालिकाको सिफारिसमा नगरसभाबाट स्वीकृत दररेट अनुसुची (१) मा उल्लेखभएको लागु हुनेछ।

## परिच्छेदः चार
## विविध

**८. एम्बुलेन्स रहने स्थान र सोको ममर्त सम्भारः**

**क) एम्बुलेन्स रहने स्थानः**एम्बुलेन्स कपिलवस्तु नगरपालिका वडा नं ९ निग्लिहवा स्वास्थ्य चौकीमा रहनेछ।

**ख) एम्बुलेन्सको मर्मत सम्भारः** समितिकोअनुमति लिइप्रचलित कानून बमोजिम प्रकृया पुरा गरी एम्बुलेन्सको नियमित ममर्त संभार गर्नेजिम्मेवारी चालकको हुनेछ।

**ग)विविधः**१. एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची(३) बमोजिम हुनेछ।

२. एम्बुलेन्समा सवार बिरामी, बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बिमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ।

३. यस कार्यविधिमा आवश्यकता अनुसार संसोधन र हेरफेर समितिकोसिफारिसमा नगर कार्यपालिकाले गर्न सक्नेछ।

४.यस कार्यविधिमा लेखिएका कुराहरुको हकमा यसै कार्यविधि र नलेखिएकोकुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत

## अनुसुची - १

| क्र.स. | देखि | सम्म | भाडा रु. | कैफियत |
|---|---|---|---|---|
| १. | जगदिशपुर | तौलिहवा | ८५० | |
| २. | जगदिशपुर | पिपरा | १००० | |
| ३. | जगदिशपुर | भैरहवा | ३३५० | |
| ४. | जगदिशपुर | बुटवल | ३००० | |
| ५. | जगदिशपुर | चितवन | ११५०० | |
| ६. | जगदिशपुर | काठमाण्डौ | १९५०० | |
| ७. | जगदिशपुर | पाल्पा मिसन हस्पिटल | ७००० | |

वडा नं ९ को कार्यालाय देखी ५ कि.मी. चक्रमा पर्ने वा स्थान सम्मका लागी रु. ५००।०० भाडाँ दरप्रस्ताव कायम गरीएको छ। छोटो दुरीमा संचालन गर्दा पक्की सडकमा रु. ६० का दरले भाडा वापतको शुल्क लाग्ने छ।

१. माथि उल्लेखित दरमा तेल र विभिन्न करको रकम समावेश गरिएको छ।

२. दुरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ।

३. एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजान अगावै कार्यालयमा बुझाउनु पर्नेछ।

प्रमुख प्रशासकिय अधिकृत

## अनुसुची २

**(कार्यविधिको नियम ६ को उपनियम (घ) संग सम्बन्धित)**

**एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता**

१. एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८० लाई पुर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भुमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफनो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई संधै सम्मान पुर्वकव्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफैले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लेजानुको साथ आफैमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाईपनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका बारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोगगर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाडन्नहुने,

९. आफनो कामको सिलसिलामा पाएको कुनै पनि सुचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएकोजानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामाआवश्यक परेमा त्यस्तो सुचना बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुर्याउने पर्ने,

११. आफुले उचित देखेका बिरमीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नोसुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानुनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियम अनुसार स्वंय सजायको भागीदारी हुनेछ,

१३. आचार संहिता सम्बन्धी प्रतिवद्ध पत्र ।

प्रमुख प्रशासकिय अधिकृत

म.................................................ठेगाना.................................................ना.प्र.प.नं..............................जारी मिति.................................. जिल्ला, डाइभिङ्ग लाइसेन्स नं....................................... जारी मिति ................................ ले माथिको उल्लेखित आचारसंहिता अध्ययन गरेको छु। कपिलवस्तु जिल्ला कपिलवस्तु नगरपालिकाको एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छापगरेको छु।

**चालकको:**

**दस्तखत:**

**नाम:**

**मिति:**

**रोहबरमा प्रमाणित गर्ने व्यक्तिको:**

**दस्तखत:**

**नाम:**

**पद:**

**मिति:**

**कार्यालयको छाप:**

प्रमुख प्रशासकिय अधिकृत

## अनुसुची ३
### (कार्यविधि को नियम ८ को उपनियम (ग) सँग सम्बन्धित)

"ग" वर्गको(Common Life Support (CLS))एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Flow Meter/ Mask जडित वा जरुरी परेमा राख्ने सकिने सवारी साधन
- IV Injection दिन सक्ने व्यवस्था,
- Stretcher Cum Board,
- Stethoscope, B.P. Apparatus, Torchlight

प्रमुख प्रशासकिय अधिकृत